# ईसा अल मसीह को हुनुहुन्छ ?

ईसा अल मसीहले एक पटक आफ्ना (ह्वारी) चेलाहरुलाई सोध्नुभयो, **"मानिसहरू के भन्दछ - म को हुँ ?"** (लूकाको ईन्जील ९:१८)। यही प्रश्नचाहिँ सबै मानवजातिले सामना गर्ने सबैभन्दा गम्भीर र महत्वपूर्ण प्रश्न हो। आखिरतको समयसम्मै ईसा अल मसीहको बारेमा धेरै चर्चा भइरहनेछ। कारण ईसा अल मसीह जस्तो ऐतिहासिक मानिस कहिल्यै जन्मेको छैन र जन्मिने पनि छैन। यसैकारणले गर्दा हरेक महादेश र हरेक युगमा रहेका मानिसहरूले ईसा अल मसीह को हुनुहुन्छ बारेमा एक पटक गम्भीर रूपमा सोच्न बाध्य हुनुपर्नेछ।

सबै मानिसहरू साधारण र प्राकृतिक रूपमा जन्मन्छन्। तर ईसा अल मसीहको आश्चर्यमय र रूहानी जन्मबारेमा थाहा नभएको मानिस सायद संसारमा कमै होला। कारण उहाँ आजभन्दा २००० बर्ष अघि कन्या मर्यमबाट खुदाको रूहबाट जन्मनुभयो।

उहाँको जन्म हुनभन्दा हजारौ वर्ष अघि नै उहाँ नबी ईब्राहीमको सन्तान, यहूदी वंश र नबी दाऊदको घरानाबाट एउटा कन्याको कोखबाट खुदाको स्पष्ट निसानी भई जन्मनुहुनेछ भनि नबीहरूले भनेका थिए। **"यसैकारण खुदावन्द आफैले तिमीहरूलाई एउटा चिन्ह (मोजेजा) दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछिन्, र त्यसले एउटा छोरा जन्माउनेछिन् र उनको नाउँ इम्मानुएल राखिनेछ। जसको अर्थ हो खुदावन्द हामीसँग"** (नबी यशैयाको किताब ७:१४)।

यो भविष्यवाणी ७०० वर्ष पछि पूरा भएको घटना हामीले मत्तिको ईन्जील १:२१ मा पाउन सक्दछौ, जब ईसा अल मसीह कन्या मर्यमको कोखबाट जन्म लिनुभयो।

उहाँ खुदावन्दको कलाम (कलिमातुल्लाह) भई जन्मनुभयो। **"आदिमा कलाम हुनुहुन्थ्यो, कलाम खुदासँग हुनुहुन्थ्यो, ...अनि कलाम शरीर हुनुभयो।"** (यूहन्नाको ईन्जील १:१)।

यतिमात्र होइन (अन्तको दिन) आखिरतको समयमा ईसा अल मसीह फेरी यस संसारमा आउनुहुनेछ भनि ईन्जीलले बताउँदछ। उहाँले (ईसा अल मसीहको दुश्मन) दज्जाललाई मार्नुहुनेछ र संसारको न्याय गर्नुहुनेछ (प्रकाशको किताब १९ अध्याय पढ्नुहोस्)।

ईसा अल मसीहमाथि ईमान ल्याउने र खुदाको भयमा हिड्नेहरूलाई (नरक) दोजकको आगोबाट उहाँले बचाउनुहुनेछ, **"खुदावन्द (ईसा अल मसीह) को नाऊ पुकार्ने हरेकले नजात (उद्धार) पाउनेछ।"** (रोमी १०:१३)। तर उहाँमाथि ईमान नल्याउने र खुदाले यस संसारलाई प्रदान गर्नुभएको स्पष्ट निशानी अर्थात ईसा अल मसीहका आज्ञालाई ईन्कार गर्नेहरू गुनाहगार ठहरिनेछ र एक दिन अवश्य नै दोजकको आगोमा तड़पिनु पर्नेछ भनि खुदा स्वयम्ले आफ्नो कलामबाट तय गर्नुभएको छ। **"जसले ईसा अल मसीहमाथि ईमान ल्याउछ, त्यो गुनाहगार ठहरिँदैन, तर ईमान नल्याउने चाहिँ अघि नै गुनाहगार ठहरिएको छ"** (यूहन्नाको ईन्जील ३:१८)।

प्रिय पाठकमित्र, तपाईंले पढ्नुभएको यो सानो किताब कस्तो लाग्यो ? ईसा अल मसीहको बारेमा तपाईं के सोच्नुहुन्छ भन्ने कुरा हामी सुन्न चाहन्छौ। ईसा अल मसीहको बारेमा अझै बढी बुझ्न चाहनुहुन्छ भने कृपया हामीलाई यो ठेगानामा पत्राचार गर्नुहोस्। हामी तपाईलाई अरू किताबहरू (मुफ्त) सित्तैंमा पठाउन तयार छौं, ताकि तपाईंले ईसा अल मसीहलाई र उहाँको पवित्र (पाक) जीवनलाई अझ राम्रोसँग जान्न सक्नुहोस्। खुदावन्दको बरकत तपाईंसँग सधैं रहोस्। आमिन्।

**पत्राचारको लागि ठेगाना :**

**खुदाका कलाम**

पो.ब.नं. १६१५, काठमाडौं, नेपाल

इमेल : khudakakalam@gmail.com

मो.नं. ९८०८०८३५२०

उहाँ खुदाको तर्फबाट आउनुभएको रूह अर्थात रूहअल्लाह हुनुहुन्छ। ईसा अल मसीहले भन्नुभयो **"खुदाको (आत्मा) रूह ममाथि छ किनभने गरीबहरूलाई (मुबारक) खुसीको खबर सुनाउनको निम्ति उहाँले मलाई (मसह) अभिषेक गर्नुभएको छ ...थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनको निम्ति... खुदाले मलाई पठाउनुभएको छ"** (लूकाको ईन्जील ४:१८)। उहाँले गरीब, असाहय, पिडित र दुखीहरूलाई खुदाई महब्बत (प्रेम) देखाउनुभयो।

यस संसारमा जिउनु हुँदा, ईसा अल मसीहले धेरै (आश्चर्यकर्म) मोजेजाहरू गर्नुभयो। उहाँले कुष्ठरोगीहरूलाई निको (शिफा) पार्नुभयो। अन्धाहरूलाई दृष्टि र लंगडाहरूलाई हिड्ने तागत दिनुभयो। उहाँले (बदरूह) दुष्ट आत्मा लागेका मानिसहरूबाट दुष्ट आत्मा निकाल्नुभयो। उहाँले मरेका मानिसहरूलाई पनि पुनर्जीवित पार्नुभयो। **"ठूला ठूला भीड़ ईसा अल मसीह कहाँ आए, र तिनीहरूले साथमा ल्याएका लङ्गडा, लुला, अन्धा, गूँगा र अरू धेरै रोगीहरूलाई उहाँका छेऊमा राखिदिए, अनि उहाँले तिनीहरूलाई निको पारिदिनुभयो"** (मत्तिको ईन्जील १५:३०)। उहाँले मरेको लाजरसलाई फेरी जीवित पार्नुभयो। (यूहन्नाको ईन्जील ११ सुरह पढ्नुहोस्)।

उहाँले मानिसहरूलाई खुदाको कलामबाट असल (तालिम) शिक्षा दिनुभयो। उहाँले हत्या, हिंसाको विरोध गर्नुभयो र भन्नुभयो, **"तरवार उठाउने सबै तरवारबाटै नास हुनेछन्।"** (मत्तिको ईन्जील २६:५२)। बरू उहाँले यसो भन्नुभयो, **"आफ्ना दुश्मनहरूलाई (प्रेम) महब्बत गर र तिमीहरूलाई सताउनेहरूका निम्ति दुवा गर।"** (मत्तिको ईन्जील ६:२७)। उहाँले यसो पनि भन्नुभयो, **"दुश्मनको मुकाबिला नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ।** (मत्तिको ईन्जील ५:३९)।

ईसा अल मसीहमात्रै यस्तो व्यक्ति हुनुहुन्छ जसले कुनै (पाप) गुनाह गर्नुभएन र उहाँ (बेगुनाहगार) पापरहित हुनुहुन्छ भनि ईन्जीलको किताबले पुष्टि गर्दछ। जस्तो लेखिएको छ, **"ईसा अल मसीह (बेगुनाहगार) पापरहित हुनुहुन्छ"** (हिब्रू ४:१५)।

यसैले ईसा अल मसीह मात्र खुदावन्दको नाममा आउनुहुने मुबारक (धन्य) व्यक्ति हुनुहुन्छ भनि ईन्जीलले बताउदछ **"मुबारक उहाँ, जो खुदाको नाउँमा आउनुहुन्छ !"** (मर्कूसको ईन्जील ११:९)। (कुरआनको सूरह मर्यम १९:३०-३३ पनि पढ्नुहोस्)।

संसारमा धेरै मानिसहरू जन्मन्छन् र मरेर जान्छन्। तर ईसा अल मसीहको मृत्यु नै संसारको लागि (आशिष) बरकतमय घटना भयो। हामीलाई (नरक) दोजकको आगोतर्फ लाने हाम्रा गुनाहहरूबाट नजात (छुटकारा) दिनको लागि ईसा अल मसीह सलिबमा कुर्बान हुनुपर्नेछ भनि खुदाले हजार वर्ष अघि नै नबीहरूद्वारा घोषणा गर्नुभयो। **"ऊ हाम्रा गुनाहहरुका निम्ति छेड़ियो। हाम्रा गुनाहका निम्ति ऊ पेलियो ....उसको कोर्राको चोटले हामी निको भयौं ... र खुदाले उसमाथि हामी सबैको गुनाह हालिदिनुभयो।"** (नबी यशैयाको किताब ५३:५-६)।

नबी दाऊदले पनि जबूर २२:१६ मा ईसा अल मसीहलाई दुश्मनहरूले सलीबमा टाँग्नेछ भनि भविष्यवाणी गरेका थिए **"तिनीहरुले मेरा हात र मेरा खुट्टा छेड़ेका छन्"।** खुदाले नबीहरूद्वारा बोल्नु भएको यी भविष्यवाणीहरू त्यस बेला पूरा भयो जब मुनाफ़िक़ यहूदी धर्मगुरूहरू र मुश्रिक रोमी शासकहरूले ईसा अल मसीहलाई पक्रेर सलिबमा टाँगेर मारे।

तर खुदाले उहाँका दुश्मनहरूको दुष्ट योजना सफल हुन दिनुभएन। कारण खुदाले ईसा अल मसीहको शरीरलाई (चिहान) कब्रमा सधैंको लागि सड्न दिनुहुने छैन भनि नबी दाऊदले उहाँको बारेमा भनेको यो भविष्यवाणी पूरा गर्नुभयो। **"तपाईंले आफ्ना पाक जन (ईसा अल मसीह) को शरीर कब्रमा सड्न दिनुहुनेछैन"** (नबी दाऊदको जबूर १६:१०)। ईसा अल मसीह मर्नुभएको तीन दिन पछि मृत्युबाट फेरी जीवित हुनुभयो र खुदाले उहाँलाई जन्नतमा लानुभयो र अहिले उहाँ खुदासँग हुनुहुन्छ भनि बाइबलले भन्दछ, **"ईसा अल मसीह खुदाको दाहिने हाततर्फ बसिरहनुभएको छ"** (कलस्सी ३:४)।